राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३५८ | २०८३ भाद्र २४ गते बुधवार | (Wednesday, 9 Sep., 2026) | मुल्य रु. ५



**भोटेकोशी जलप्रलयपछिको बेहाल:**

## बाढीले छुटायो हात, सिन्दुरको साथ

# विकास कुर्दै इन्द्रा

**सिउँदोमा विकासको सिन्दुर । पेटमा ६ महिनाको हुर्किरहेको सन्तान । काँखमा दुई वर्षीया छोरी । तर, यी सबै हुँदाहुँदै पनि महोत्तरीको पिपरा गाउँपालिका-३ की इन्द्रादेवी यादवको अनुहारमा हिजोआज हाँसो छैन । मनमा शान्ति छैन । आँसुको भेलले आँखा ओभानो छैन । छ त केवल एउटै प्रश्न- 'प्रियसी विकास कहाँ छन् ?'**

■ राजकरण महतो

*बर्दिबास*

समाचार पृष्ठ ३

## न्याय मागन आवाज उठाउनुपर्छ : मुख्यमन्त्री यादव

द पब्लिक टुडे समाचारदाता

*गौशाला, भाद्र २३ गते ।*



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले नेपालले अन्तरराष्ट्रिय समुदायसँग राहत नभई जलवायु परिवर्तनबाट भएको क्षतिको न्याय माग्नुपर्ने समय आएको बताएका छन् ।

रसुवाको भोटेकोशी बाढी प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि जनकपुरधाम उद्योग वाणिज्य संघको सक्रियतामा सङ्कलित राहत सामग्री सार्वजनिकीकरण कार्यक्रममा मुख्यमन्त्री यादवले जलवायु परिवर्तनबाट नेपालले भोगिरहेको क्षतिका लागि अन्तरराष्ट्रिय मञ्चबाट आवाज उठाउन सङ्घीय सरकारसँग आग्रहसमेत गरे ।

'हाम्रो छिमेकी देश चीनले २२ प्रतिशत, भारतले ११ प्रतिशत र अमेरिकाले ३३ प्रतिशत कार्बन उत्सर्जन गर्दा मुलुकले बाढीपहिरो, खडेरी जस्ता महाविपद्को सामना गर्नुपर्ने अवस्था छ', मुख्यमन्त्री यादवले भने, 'हामीले यी महाविपद्बाट भएका क्षतिपूर्तिसहित जलवायु न्याय माग्नुपर्छ ।' त्यसका लागि अन्तरराष्ट्रिय मञ्चबाट आवाज उठाउनुपर्ने उनको भनाइ छ ।

भोटेकोशी बाढी प्रभावितको उद्धार, राहत र पुनर्स्थापनका लागि प्रदेश सरकार हरेक किसिमको सहयोग गर्न प्रतिबद्ध रहेको बताउँदै मुख्यमन्त्री यादवले बाढी आएकै दिन प्रदेश सरकारका मन्त्री र कर्मचारीको एक दिनको तलब प्रधानमन्त्री दैवी प्रकोप कोषमा जम्मा गरिएको जानकारी दिए ।

प्रदेश सरकारले दोस्रो चरणमा बाढी प्रभावित क्षेत्रमा पठाउन दुई करोड मूल्य बराबरको पाल खरिद गरिसकिएको जनाउँदै उनले ती पाल छिट्टै प्रभावित क्षेत्रमा पठाइने बताए । मुख्यमन्त्री यादवले तेस्रो चरणमा खाद्यन्न, लत्ताकपडालगायत सामग्री राहत स्वरूप पठाउने योजना रहेको बताए । हरेक एक-दुई वर्षमा हुने प्राकृतिक विपद्को पीडा भोग्दै आएका नेपालीका लागि प्रदेश सरकारले विपद् कोष स्थापना गरी प्रभावितलाई सहयोग गर्दै आएको मुख्यमन्त्री यादवले बताए ।

उद्योग वाणिज्य संघ जनकपुरले १ करोड बढीको राहत संकलन गर्न सफल भएकोमा धन्यवाद दिँदै उनले संकलित सामग्री प्रभावित क्षेत्रमा न्यायोचित तवरले वितरण हुनुपर्ने बताए ।

## एमाले फेरि जनताबीच स्थापित हुनेछ : महासचिव पोखरेल

भूमिका उपाध्याय

*बर्दिवास, भाद्र २३ गते ।*

नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले आफ्नो पार्टी फेरि जनताका बीच सुदृढ भएर उभिने बताएको छ ।

मङ्गलबार धनुषाको लालगढमा नेकपा एमाले पार्टी मधेश कमिटीले आयोजना गरेको 'मिशन पार्टी जागरण अभियान' को अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गर्दै पोखरेलले छ 'ज' को अभियानले पार्टी सुदृढीकरण हुने बताउँदै यसमा दृढतापूर्वक उभिन सम्पूर्ण पार्टी पंक्तिलाई निर्देशन गरेका हुन् ।




महासचिव पोखरेलले छ 'ज' भन्नाले जनतामा जानु, जनताका मुद्दा उठाउनु, जनतासँग जोडिनु, जनताको प्रिय बन्नु, जनसङ्गठन व्यवस्थित रुपले परिचालन गर्नु र समाजवादी लक्ष्यमा पुग्न पार्टीको मुख्य सिद्धान्त जनताको बहुदलीय जनवादको परिणाममुखी अभ्यास गर्नु रहेको स्पष्ट पारे । यसपक्षलाई व्यवहारमा उतार्न सबै पार्टी सदस्य समर्पित हुन पर्ने पोखरेलको भनाइ छ ।

पार्टीलाई नयाँ पुस्तासँग जोड् नसक्दा, युवा चासो सम्बोधन गर्न नसकिदा, पार्टीविरुद्ध सामाजिक संजालमा आउने भ्रम चिर्न नसक्दा एवम् संस्थागत निर्णय र छलफल कमजोर हुँदै गएर नेतामुखी बन्दा गत निर्वाचनमा पराजय भोगेको पोखरेलको स्वीकारोक्ति छ । "हामी चुनावमा हार्‍यौं, यो अनपेक्षित परिणाम हो" उनले भने, "हामी मटियामेट भएका होइनौं, फेरि उठ्ने हामीसँग सामर्थ्य छ ।"

पार्टी कामलाई व्यवस्थित संचालन गर्न थाले चाँडै जनताका बीच स्थापित हुने उनको भनाइ छ । अब लगत्तै यसै असोजको पहिलो साताामा बस्ने पार्टीको केन्द्रीय कमिटीको बैठकपछि पार्टी व्यवस्थित रुपले अघि बढ्ने खाका बन्ने उनले बताए ।

मुलुक अहिले बाढीको विपत्ती झेली रहेको बेला यो अवस्थाबाट निस्कन आपसी सहकार्य, समन्वय र सहअस्तित्व आवश्यक रहेको पोखरेलको भनाइ छ । तर सङ्घीय सरकार भने एक्लै हिडेर तार लाउने अहङ्कारमा रहेको पोखरेलले गुनासो गरे । "बाढीमा यो सरकारको अहङ्कारले मानवीय क्षति बढाएको छ" पोखरेलले भने, "बाढी आएकै दिन सुरुङ् पस्ने अनुमति देशविदेशका विज्ञले पाएका भए धेरैजना बाढीमा फसेका हरुको उद्धार गर्नसकिन्थ्यो ।" प्रधानमन्त्री बालेन्द्र शाहले सुरुङ्भित्रको लेदो निकाल्ने प्रविधि विश्वमै छैन भनेको भोलिपल्ट नै विज्ञहरुले चार जनाको जिवित उद्धार गरेका प्रसङ्ग उनले सुनाए ।

कार्यक्रममा पार्टी दलका परराष्ट्र मामिला विभाग प्रमुख प्रदीप ज्ञवालीले नविनतम सूचना तथा सञ्चार प्रविधिको प्रयोग पार्टी काममा जोड्न नसक्दा आफूहरुविरुद्धका कुप्रचारको खण्डन हुन नसकेको औंल्याए । पार्टी र पार्टी नेतृत्वका सरकारले हासिल गरेका उपलब्धी जनतामासम्म पुऱ्याउन नसक्दा क्षति व्यहोर्नु परेको ज्ञवालीको भनाइ छ । अब बस्तीबस्तीका सामाजिक विकासका मुद्दामा पार्टीको बलियो उपस्थिति बनाउँदै अघि बढ्न ज्ञवालीले अपिल गरे । "हामीले पार्टीलाई पुनर्व्यवस्थित गर्नु छ" ज्ञवालीले भने, "आफ्ना कमजोरी पहिल्याएर सच्चिदै अघि बढ्नु अहिलेको आवश्यकता हो ।"

पार्टीका मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेशका आठवटै जिल्लाभित्रका केन्द्रीय सदस्यहरु, प्रदेश कमिटी सदस्यहरु, जिल्ला कमिटीका सदस्यहरु र स्थानीय तहका (पालिका) का पार्टी प्रमुखहरुको सहभागिता रहेको प्रदेश सचिव मनोज पौडेलले जानकारी दिए ।

एमाले मधेशले आउने असोजभित्र सबै वडा र कात्तिकभरिमा पालिकातहका अधिवेसन सम्पन्न गर्ने तालिका बनाएको पौडेलको भनाइ छ । कार्यक्रममा पार्टीका मधेश प्रदेश इञ्चार्ज लीलानाथ श्रेष्ठसहितका नेताहरु सहभागी रहेको थियो ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# जेन्जी सहिदको सम्मान, मर्मको सम्बोधन

रसुवा बाढीको महाविपत्तिबीच भदौ २३ गते जेन्जी सहिद दिवस मनाइएको छ । गत वर्ष यही दिन सुशासन, भ्रष्टाचार नियन्त्रण र विधिको शासनको माग गर्दै नवपुस्ताका युवाले गरेको ऐतिहासिक आन्दोलनमा दर्जनौं युवायुवतीले ज्यान गुमाएका थिए । त्यस आन्दोलनले मुलुकको राजनीतिक दिशामै परिवर्तन ल्यायो र नयाँ तथा वैकल्पिक राजनीतिक शक्तिका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीको उदय भयो । त्यसैले जेन्जी आन्दोलन र त्यसका सहिदको स्मरण स्वाभाविक र आवश्यक छ ।

सरकारले सहिदहरूको सम्मानमा दिवस मनाउनु सकारात्मक हो । तर एक दिनको स्मरण वा सार्वजनिक बिदाले मात्र आन्दोलनको योगदानको सम्मान हुँदैन । आन्दोलनको मूल भावना र मर्मलाई व्यवहारमा उतार्नु नै वास्तविक सम्मान हो । जेन्जी आन्दोलन भ्रष्टाचार अन्त्य, सुशासन, विधिको शासन र नागरिकप्रति उत्तरदायी शासनका लागि भएको थियो । शिक्षा र स्वास्थ्यमा सुधार, स्वदेशमै रोजगारी तथा युवाका लागि अवसर सिर्जना पनि त्यसैसँग जोडिएका आकांक्षा थिए । तर आन्दोलनको एक वर्षपछि पनि ती अपेक्षामा उल्लेख्य प्रगति भएको अनुभूति आमनागरिक, विशेषत: युवाले गर्न सकेका छैनन् । वैदेशिक रोजगारी तथा अध्ययनका लागि दैनिक ठूलो संख्यामा युवा बाहिरिने क्रम फेरि बढ्नु यसको गम्भीर संकेत हो ।

देश परिवर्तन रातारात सम्भव हुँदैन । तर सरकारले परिवर्तनको आशा र विश्वास भने सिर्जना गर्न सक्छ । युवालाई नवप्रवर्तन, उद्यमशीलता र रोजगारीका अवसर उपलब्ध गराउने वातावरण निर्माण गर्नुपर्छ । निजी क्षेत्रलाई निरुत्साहित होइन, विश्वासमा लिएर लगानी र उद्योग विस्तारका लागि अनुकूल वातावरण बनाउनुपर्छ । झन्डै दुईतिहाइ जनसमर्थन प्राप्त सरकारमाथि अपेक्षा पनि त्यत्तिकै ठूलो छ । जेन्जी सहिदको सम्मान भाषण र दिवसमा होइन, उनीहरूले देखेको सुशासनयुक्त, अवसर पूर्ण र न्यायपूर्ण नेपाल निर्माणमा देखिनुपर्छ । सरकार त्यस दिशामा इमानदार र परिणाममुखी ढंगले अघि बढ्न ढिला नगरोस् ।

## राशिफल

मेष - सजग रहनुहोला ।
वृष - पशुधनबाट लाभ मिल्नेछ ।
मिथुन - उपलब्धि हातलागी हुनेछ ।
कर्कट - मार्गदर्शन उपयोगी हुनेछ ।
सिंह - केही अलमल पनि हुनेछ ।
कन्या - उचित प्रतिफल प्राप्त हुनेछ ।
तुला - प्रतिस्पर्धामा उत्रिन सक्छन् ।
वृश्चिक - काम शुभारम्भ गर्न सकिनेछ ।
धनु - सन्तुलित व्यवहार गर्नुपर्ला ।
मकर - आफन्त नजिकिनेछन् ।
कुम्भ - दिन रमाइलो रहनेछ ।
मिन - अरूको मन जित्न सकिनेछ ।

# मिथिला लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय ढल्केवर, धनुषा

असुली विभाग

## ऋण चुक्ता गर्ने बारे ३५ (पैतिस) दिने सार्वजनिक सूचना

*(प्रकाशित मिति : २०८३/०५/२४)*

तपसिलमा उल्लेखित ऋणीहरुले यस मिथिला लघुवित्त वित्तीय संस्था लि.को विभिन्न शाखा कार्यालयहरुबाट विभिन्न मितिमा तपसिलका शिर्षक अर्न्तगतको ऋण कर्जा लिए वापत वित्तीय संस्थालाई तिर्नु/बुझाउनु पर्ने सावाँ, ब्याज तथा अन्य दस्तुर आदी नतिरी नबुझाई वित्तीय संस्थासंग भएको ऋण कर्जा सम्बन्धि शर्त, बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायत वित्तीय संस्थाको सम्पुर्ण लेना रकम भुक्तान गर्न पटकपटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत वित्तीय संस्थाको ऋण चुक्ता भुक्तान गर्नेतर्फ कुनै चाँसो नदेखाई वेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लेखित ऋणीको नाउँमा रहेको बक्यौता रकम यथाशिघ्र चुक्ता भुक्तान गर्न हुन यो सूचना जारी गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस वित्तीय संस्थाको सम्बन्धित शाखामा सम्पर्क राखी आफुले लिएको ऋण कर्जाको सम्पुर्ण सावाँ, ब्याज रकम भुक्तानी गर्नु होला । अन्यथा, प्रचलित कानून तथा वित्तीय संस्थाको नियमावली अनुसार कर्जा लिदा यस संस्थालाई लेखिदिएको धितो वा नलेखिदिएको चल अचल सम्पति रोक्का गरी, लिलाम बिक्री गरी वा अन्य व्यवस्था गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिनुका साथै नियमानुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सुचना केन्द्रमा कालो सूचीमा सूचिकृत गर्न समेत लेखी पठाउने व्यहोरा अनुरोध छ ।

**तपसील**

**१. सम्बन्धित शाखा कार्यालय : निगौल, महोत्तरी ।**

| क्र.स. | के.न. तथा कोड न. | ऋणीको नाम | ठेगाना | पति/पिताको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी सावाँ | बाँकी ब्याज रकम |
|---|---|---|---|---|---|---|---|---|
| ०१. | ०७०.०१.४ | दान कुमारी थापा मगर | बर्दिबास.-१२ बिजलपुरा | खड्क बहादुर मगर | बिर बहादुर मगर | खेती | ३,६८,८८०। | २७,३५१। |
| ०२. | ०७०.०३.५ | आशा देवी | बर्दिबास.-१२ बिजलपुरा | राजकुमार महतो | बौएलाल महतो | खेती | ३,६८,४५९। | २७,९३९। |
| ०३ | ०७८.०४.४ | अन्जना कुमारी | बर्दिबास.-१३ बिजलपुरा | मनोज कुमार महतो | बासुदेव महतो | खेती | २,५८,१४९। | ५२,३४७ |
| ०४ | ००४.०२.२ | सबिता कुमारी देवी | गौशाला.-०४, रजखोर | सजय कुमार महतो | बासदेव महतो | खेती | ४,३२,५३५। | ३५,८५९। |
| ०५ | ००४.०१.३ | सोनाबती देवी | गौशाला.०४, रजखोर | बासुदेव महतो कोईरी | शंकर महतो कोईरी | खेती | ३,२९,०३७ | २३,०११। |
| ०६ | ०८८.०४.२ | निराजो कुमारी मण्डल | सम्सी.-०१, पर्सा,महोत्तरी | रामकृपाल मण्डल | रतन मण्डल धानुक | खेती | ४,३५,३६२। | ४०,९२५। |
| ०७ | १००.०६.३ | बिजय कुमार सिंह दनुवार | गौशाला.-०९, बिषहरपुर | दिनेश प्रसाद सिंह दनुवार | मोहन सिंह | ब्यापार | १,३२,७११। | २,७२९। |
| ०८ | ०८८.०४.१ | पवन कुमारी देवी | सम्सी.-०१ पर्सा, महोत्तरी | ईनरजित यादव | जहुरी यादव | खेती | ४,०३,५४५। | ४९,२७२। |
| ०९ | ०८८.०१.२ | शिव दुलारी देवी | सम्सी. ०१, पर्सा, महोत्तरी | श्याम करण मण्डल | गरिब मण्डल धानुक | कृषि | ३,४९,२९२। | ७०,४२२। |
| १० | ०५०.०१.६ | अन्जु देवी चौधरी | गोशाला ६ महोत्तरी | लक्ष्मण चौधरी | रामबाबु चौधरी | ब्यापार | १,७०,७२१। | ५२,१९८। |
| ११ | ०१३.०५.१ | हिरा कुमारी साह | गौशाला. ०९, भरतपुर | रबिश कुमार साह | रामजी साह तेली | कृषि | ३,९६,९३९। | २,३३,५८०। |
| १२ | १००.०६.१ | सिता देवी दनुवारनी | गौशाला ७, जमुनिया | गोबिन्द राय दनुवार | पोषण राय दनुवार | कृषि | ६,८०,८०९। | ३,४६,४८६। |

**धितो विवरण — विजय कुमार सिंह दनुवारको**

| जग्गा धनी | नाता | पति/पिताको नाम | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| दिनेश प्रसाद सिंह दनुवार | बुवा | मोहन सिंह | भरतपुर | १ख<br>२ख | ६००<br>१३५ | ०-७-१२.५<br>०-६-० |

**धितो विवरण — सिता देवी दनुवारनीको**

| जग्गा धनी | नाता | पति/पिताको नाम | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| सिता देवी दनुवारनी | आफैं | गोबिन्द राय दनुवार | गौरीशंकर, सर्लाही | ०९ | ७२ | ३२०.२५ वर्ग मिटर |

**२. सम्बन्धित शाखा कार्यालय : महदैया, महोत्तरी ।**

| क्र.स. | के.न. तथा कोड न. | ऋणीको नाम | ठेगाना | पति/पिताको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी सावाँ | बाँकी ब्याज रकम |
|---|---|---|---|---|---|---|---|---|
| ०१. | १००.०१.२ | मनोज कुमार यादव | महदैयातपनपुर.-०१, महोत्तरी | राम सागर यादव | चक्रधारी यादव | औषधी ब्यापार | ४,४६,१४४। | ३५,४०२। |
| ०२. | ००७.०३.३ | सिपिया देवी | महदैयातपनपुर.-०१, महोत्तरी | राम किसोर पासवान | फगुनी पासवान | खेती | ४४,०४६। | ६,६००। |

**धितो विवरण — मनोज कुमार यादवको**

| जग्गा धनी | नाता | पति/पिताको नाम | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| मनोज कुमार यादव | आफैं | राम सागर यादव | महदैया तपनपुर | ०१ | १४३८ | ०-०-११ |

**३. सम्बन्धित शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी ।**

| क्र.स. | के.न. तथा कोड न. | ऋणीको नाम | ठेगाना | पति/पिताको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी सावाँ | बाँकी ब्याज रकम |
|---|---|---|---|---|---|---|---|---|
| ०१. | ०५२.०१.३ | लालो देवी नुनिया | सोनामाई.-०४, महोत्तरी | प्रगास महतो | चलितर नुनिया | कृषि तथा पशुपालन | ४८,४५१। | १७,२५४। |
| ०२. | ०३०.०१.२ | सुनैना देवी यादव | सम्सी .-०८ , महोत्तरी | रामकेवल यादव | जयकरण राय यादव | कृषि तथा पशुपालन | २,३९,३१४। | ८७,६४१। |
| ०३. | ०१८.०३.५ | मन्जु देवी साह | सम्सी.-०४, महोत्तरी | पवन कुमार साह | जुगल किसोर साह | कृषि तथा पशुपालन | २,३७,९३४। | ३३,२३६। |
| ०४. | ००८.०२.६ | कुसमी देवी | रामगोपालपुर.-०४, महोत्तरी | जानकी शरण मुखिया | नारायण मुखिया | कृषि तथा पशुपालन | २,१३,३५८। | ४२,१००। |
| ०५. | ०४७.०२.२ | पार्वती देवी | सहसौला .-९, महोत्तरी | अनिल साह कानु | बिन्देश्वर साह कानु | कृषि तथा पशुपालन | २,३०,४६६। | १७,८३३। |
| ०६. | ०३४.०३.५ | सुनैना देवी यादव | बलवा न.पा.-११, महोत्तरी | लालबाबु यादव | रामलाल यादव | कृषि तथा पशुपालन | २,०५,५६०। | २८,४४१। |

**४. सम्बन्धित शाखा कार्यालय : बिजलपुरा, महोत्तरी ।**

| क्र.स. | के.न. तथा कोड न. | ऋणीको नाम | ठेगाना | पति/पिताको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी सावाँ | बाँकी ब्याज रकम |
|---|---|---|---|---|---|---|---|---|
| ०१. | ०४९.०१.१ | मनतोरीया देवी महतो | बर्दिबास -१३, बिजलपुरा | जबाहर महतो | बौएलाल महतो | खेती | २,०८,२५९। | १२,४५९। |

**५. सम्बन्धित शाखा कार्यालय : सोल्टी, सर्लाही ।**

| क्र.स. | के.न. तथा कोड न. | ऋणीको नाम | ठेगाना | पति/पिताको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी सावाँ | बाँकी ब्याज रकम |
|---|---|---|---|---|---|---|---|---|
| ०१. | ०१४.०२.१ | तेतरी देवी | बरहथवा.-०३, सर्लाही | बैजु महतो नुनिया | किसनदेव महतो | कृषि | ५३,०००। | ५,७४८। |
| ०२. | ०१४.०२.१० | लक्ष्मीनिया कुमारी महतो | बरहथवा.-०३, सर्लाही | शत्रुधन महतो नुनिया | खेन्हारी महतो नुनिया | खेती | १,००,०००। | ११,०७७ |
| ०३. | ०१२.०२.४ | जानकी देवी | बरहथवा.-०३, सर्लाही | गगनदेव महतो | दुलारचन महतो | खेती | २,९५,०००। | ३९,९५६। |
| ०४. | ०३९.०१.१ | धरखनिया देवी | बरहथवा.-०१, सर्लाही | बिशेश्वर सहनी | राम लक्षण सहनी | कृषि | ५५,८९७ | ३,१७३। |
| ०५. | ०१७.०१.१ | लक्ष्मी कुमारी | बरहथवा.-१४, सर्लाही | रामपत महतो | प्रमेश्वर महतो | खेती | १,५३,०४३। | १८,०४८। |
| ०६. | ०२४.०३.३ | खैतुन खातुन मिआईन | बसबरीया .-०२, सर्लाही | खुबलाल मियाँ | दुखा मियाँ धोबी | कृषि | ५१,७६४। | ९,७८२। |
| ०७. | ०३७.०२.६ | बिबिमाया स्याङतान | बागमति .-०३, सर्लाही | याङतेन जिम्बा | बिर ध्वज जिम्बा | कृषि | २,००,८६९। | २३,६८७ |
| ०८. | ०३७.०१.१ | रेवनी कुमारी महतो | बागमती -०३, सर्लाही | सुर्यनरायण महतो | रासलाल महतो कोईरी | कृषि | १५७,८२६। | १८,६१३।। |
| ०९. | ०१२.०३.३ | साबित्री कुमारी देवी | बरहथवा.-०३, सर्लाही | लाल किसोर सहनी | बद्री सहनी | कृषि | ४२,४८८। | ४७,८७८। |

**६. सम्बन्धित शाखा कार्यालय : निजगढ, बारा ।**

| क्र.स. | के.न. तथा कोड न. | ऋणीको नाम | ठेगाना | पति/पिताको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी सावाँ | बाँकी ब्याज रकम |
|---|---|---|---|---|---|---|---|---|
| ०१. | ०४५.०३.४ | कान्छीमाया योन्जन | निजगढ.-०३, सिंगौल | बिनोद कुमार योन्जन | कप्तान बहादुर योन्जन | गलैचा व्यापार | १,१३,०७२। | ४६,६४९। |
| ०२. | ०५३.०३.१ | राजमती माझी | निजगढ.-०४, बागदेव | राजकुमार कुश्वार | बेग बहादुर कुश्वार | व्यापार | १,२३,२४०। | ६१,६६४। |
| ०३. | ०५७.०४.२ | सोनी ढकाल | निजगढ.-०७, भमरा | जगदिश कुमार ढकाल | केदार बहादुर ढकाल | व्यापार | ६८,३८२। | २७,६१२। |
| ०४. | ०५३.०२.१ | पार्वती माझी | निजगढ.-०४, बागदेव | चुडा बहादुर मगर | नेत्र बहादुर मगर | कृषि तथा पशुपालन | ४७,०५३।३२ | २३,८१०। |
| ०५. | ०४५.०३.६ | बिबिमाया योन्जन | निजग९.-३, सिंगौल | मान बहादुर गोले | कुल बहादुर गोले | ब्यापार | १,४९,१६५। | ९९,२५०। |
| ०६. | ०३३.०४.२ | सुन्तलमाया गुरुङ | चन्द्रपुर न.पा.-०६, बेल्ही | मिन बहादुर गुरुङ | अंख बहादुर गुरुङ | कृषि | ७१,६६३। | ८३३७९। |

*- बाँकी पृष्ठ ४ मा*

भोटेकोशी जलप्रलयपछिको बेहालः




# बाढीपछि हराए विकास परिवारलाई चमत्कार हुने आस

राजकरण महतो । *बर्दिबास*

सिउँदोमा विकासको सिन्दुर । पेटमा ६ महिनाको हुर्किरहेको सन्तान । काँखमा दुई वर्षीया छोरी । तर, यी सबै हुँदाहुँदै पनि इन्द्रादेवी यादवको अनुहारमा हिजोआज हाँसो छैन । मनमा शान्ति छैन । आँसुको भेलले आँखा ओभानो छैन । छ त केवल एउटै प्रश्न- 'प्रियसी विकास कहाँ छन् ?'
महोत्तरीको पिपरा गाउँपालिका-३ की इन्द्रादेवी श्रीमान् बेपत्ता भएको पीडाले छिन्-छिन्मा बेहोस् भइरहेकी छन् । उनको आँसु थामिउको छैन । चुलो बलेको छैन । विकासका वुवाआमा सन्तान हराएको पीरले पीरोलिएका छन् । भोटेकोसीको बाढी आउँदा उनी टनेल भित्र थुनिएको उनको भनाई छ ।

**इन्द्राको याचना, - मेरो सिन्दुरलाई रक्षा गर**

भदौ १० गतेदेखि इन्द्राको जीवनको सुई मानौं रोकिएकोजस्तै छ। त्रिशूली-३ (ए) जलविद्युत् आयोजनामा विकास सिभिल इन्जिनियरका रूपमा काम गर्दै आएका थिए। १३ दिन अघि भोटेकोशी नदीमा आएको जलप्रलयमा परेर विकास बेपत्ता भए । त्यो पीडाले इन्द्राको जीवनमा पर्न सम्म बज्रपात परेको छ । उनको पीडा मापन गर्ने दुनियाँमा कुनै यन्त्र नै अविस्कार भएको छैन ।
'सरकारले मेरो श्रीमान्लाई टनेलबाट जीउँदै निकालिदेउस्। बालेन सरकारले मेरो सिउँदोको सिन्दुरलाई लोउटाइदेऊ,' विलोना गर्दै इन्द्रा भन्छिन्, 'हामी सबै रोइरहेका छौं । सबै घर परिवार रोडमा आइसकेका छौं । मेरो प्यारो मान्छे टनेल भित्रै फसेको छ। सरकारले छिटो उद्दार गरोस्। खाना र अक्सीजन पनि पाएको छैन होला। अब प्रतीक्षा गर्ने घडी कमजोर बन्दैछ।'

**प्रत्येक निमेष वर्षजस्तै**

श्रीमान्को पर्खाइले इन्द्राको प्रत्येक निमेष वर्सौंजस्तो लागिरहेको छ। रसुवाको बाढीले बगाएको सडक, पुरिएका घर र भेलको किनारमा उनी आफ्नै भाग्य खोजिरहेकी छन् । हातमा दुई वर्षीया छोरी च्यापेर र पेटमा गर्भ बोकेर उनी श्रीमान् विकासको खोजीमा भौतारिइरहेकी छन् । तर, विकास कहाँ छन् ? अत्तोपत्तो छैन ।

"
श्रीमान्को पर्खाइले इन्द्राको प्रत्येक निमेष वर्सौंजस्तो लागिरहेको छ। रसुवाको बाढीले बगाएको सडक, पुरिएका घर र भेलको किनारमा उनी आफ्नै भाग्य खोजिरहेकी छन्। हातमा दुई वर्षीया छोरी च्यापेर र पेटमा गर्भ बोकेर उनी श्रीमान् विकासको खोजीमा भौतारि इरहेकी छन्। तर, विकास कहाँ छन् ? अत्तोपत्तो छैन।

मधेसको खुला फाँट, खेतबारी र आफ्ना मान्छेको न्यानो काख छाडेर उनी श्रीमान्को साथमा रसुवा पुगेकी थिइन्। जीवनलाई नयाँ ढंगले अघि बढाउने सपना थियो । दुःख भए पनि श्रीमान् साथमा थिए । काखमा छोरी थिइन् । पेटमा अर्को सन्तान हुर्किंदै थियो। त्यसैले विरोनो ठाउँमा पनि उनलाई आफ्नो संसार पूराजस्तै लाग्थ्यो । तर, भदौं १० गतेको जलप्रलयले सबै एकैछिनमा बदलियो । भोटोकोसीमा बाढी उर्लियो । जीउ-धन बाढीले सोहोरे । मान्छेहरू ज्यान जोगाउन डाँडा भागे ।
देशलाई उज्यालो बत्ति दिने परियोजनामा खटिएका विकास त्यो बाढी मुस्लोमा कहाँ हराए ? कहाँ बेपत्ता भए ? कसैले पत्ता लगाउन सकेको छैन । त्यही प्यारो मान्छेको खोजी इन्द्राको निमेष तड्पितड्पी बितिरहेको छ । काखे छोरीलाई हेर्छिन ्। छोरीले बाबु खोज्छे । बोल्न नसक्ने उमेर भए पनि उसको आँखाले सोधेजस्तो लाग्छ–बाबा खोइ ? इन्द्रादेवीसँग त्यस प्रश्नको जवाफ छैन ।

**सन्तानले सोध्लान्- 'कहाँ छन् बुवा'**

पेटमा हुर्किरहेको शिशुलाई सुम्सुम्याउँदै इन्द्रा फेरि विकासलाई सम्झिन्छिन् । जन्मिनुअघि नै बाबु हराएको यो सन्तानलाई भविष्यमा के सुनाउने ? 'मेरो बाबा कहाँ हुनुहुन्थ्यो ?' भनेर बच्चाले सोध्लान् । के जवाफ दिने ? त्यसैले उनी हार मान्न चाहन्नन् ।
इन्द्रा कयौं दिन रसुवा बाढीको किनारमा भौतारिन्, -जीवन साथी विकास खोज्दै । इन्द्रा पति विकास फर्किने आशामा छिन् । उनी हरेक दिन भगवान् पुकारिरहेकी छिन् । अनि विकासको सकुसल उद्दारका लागि सरकार गुहारी रहेकी छन् ।
उद्दारको सूचीमा विकासको नाम खोज्दै इन्द्राको दिनहरु बित्दै गएको छ । तर, विकासको अवस्था अझै अज्ञात बनेको छ । रसुवाको त्रिशुली किनारमा विकासको कुनै अत्तोपत्तो छैन । यता महोत्तरीमा परिवारजन पीडा सहन नसकेर झन् झन् विरामी पर्न थालेका छन् ।
इन्द्राले बाढीको किनारै पुगेर होस् कि काठमाडौं-चितवनसम्म सोधी खोजी गरिसकेकी छन् । तर, उनको कुनै जुक्तिले फिटिकै नतिजा देखाएको छैन । न लास भेटिएको छ न त सास नै । तर, जीवितै उद्दार हुन्छ भन्ने यादव परिवारको आशा छ । 'सरकारले सबै प्रयास गरोस् । भगवान्संग मेरो प्रार्थना छ मेरो श्रीमान् जहाँ भएपनि मेरो घर शकुसल फर्काइदेउ,' उनी भन्छिन्, 'हे भववान् मेरो सिन्दुरको रक्षा गर ।'

**कहाँ छन् विकास ?**

बिहानै ९ बजेपछि बाढी आयो । त्यस अघि इन्द्रालाई कोठामा छोडेर विकास काममा गएका थिए । इन्द्रालाई सन्चो थिएन । उनी कोठामै अबेलासम्म सुतिरहेकी थिइन् । अचानक कोठा वरिपरी बाढी आएको हल्ला फैलियो। श्रीमान्लाई फोन लगाउन थालिन्। तर, उनको फोन उठेन । बाढीको भेल बढ्दै गयो । काखे छोरीलाई च्यापिन् । गर्भवती शरीर लिएर डाँडातिर दौडिन् । सकि न सकि पहाडको माथिल्लो भागमा पुगेकी थिइन्। आफ्नो र छोरीको ज्यान त जोगियो तर, श्रीमान् विकासको कुनै खबर आएन ।
बाढीको भेल कम हुँदा ज्यानको बाजी लगाएर खोला किनारमा गइन् । तर, विकास बारे कुनै सम्पर्क सूत्र उनको हातमा आएन ।
इन्द्रादेवीको मन रोइरहेको छ, -विकासको यादमा । उनी कहाँ होलान् ? कसरी होलान् ? कसरी टनेलबाट उद्दार हुन्छन् ? यस्तो प्रश्न उनको मनमा एकहरो आइरहेको छ । उनी घरको दैलोमा विकासको प्रतीक्षमा टोलाई रहेकी छिन् हर्दम । सुस्केरा हाल्दै उनी भन्छिन्, 'त्यो दिन उहाँ (पति)को मोबाइल करिब ९ बजेर २० मिनेटसम्म अनलाइन देखाइरहेको थियो । त्यसपछि मोबाइलमा सम्पर्क हुनै सकेन ।'
भदौं १० गते बाढीको रफतार केही कम होला । तर, इन्द्राको मनमा पति विकास जीउँदै घर आउँदा भन्ने प्रतीक्षाको घडी जोडले चलिरहेको छ ।
बाढीमा विकास हराएपछि त्यो दिन साँझतिर इन्द्रादेवी श्रीमान् काम गर्ने टनेलतर्फ न गएको होइन् । टनेल कहाँ थियो त्यो पनि भेटिएन । बाढीले जलविद्युत आयोजन ध्वस्तै बनाएको थियो ।
विकास सधैं टनेलभित्रै काम गर्थे । उनी टनेलभित्रै फसेको इन्द्रादेवीको अझै विश्वास छ । त्यसैले उनी उद्धार टोली र सरकारसँग लगातार हारगुहार मागिरहेकी छन् । तर, जति जति दिन बित्दै गएको छ इन्द्रामा चिन्ता उति उति थपिदै गएको छ ।

**सुखद् समाचार आउन्**

सरकारले समयमै प्रभावकारी उद्धार गर्न नसक्दा टनेलभित्र फसेकाहरूको अवस्था झन् गम्भीर बनिरहेको इन्द्रादेवीको भनाई छ । बेपत्ता विकासका वुवा शम्भू यादवले आँसु संगै सरकार संग टनेल भित्र फसेका आफ्ना छोराजस्ताहरुको उद्धारका लागि हारगुहार लगाइ रहेका छन् ।
विकासका बाआमाको पनि एउटै विलाप छ,- छोरोको जीउँदो मुख हेर्ने । टिन टिन मोवाईल बज्दा हरेकपटक इन्द्रादेवी झस्किन्छिन् ।
विकास जीउँदो भएको फोन आयो भनेर । तर, बाढी आए देखि विकास कहाँ छन् ? भन्ने खबर कहि कतैबाट आएको छैन । 'विकास बाँचेर आयो' भन्ने खबर सुन्न यादव परिवार भगवान् गुहारिहेका छन् ।

# बेपत्ताका आफन्तजन भन्छन्- 'अब आश्वासन होइन, तत्काल उद्धार चाहियो'

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, भाद्र २३ गते ।*

रसुवामा आएको बाढीपछि सम्पर्कविहीन भएको दुई सातासम्म पनि श्रीमान्को पत्ता नलागेपछि जनकपुरधामका पूजा साहको चिन्ता अझै बढ्दै गएको छ। आफ्ना श्रीमान् अझै जीवित र सकुशल रहेको विश्वासमा रहेका पूजाले सामाजिक संजालमा श्रीमान् इन्जिनियर अजयप्रसाद सिंहलाई भावुक सन्देश लेख्दै उनको खोज र उद्धारका लागि सरकारसँग अपिल गरिन ।

रसुवास्थित युटी २१६ एमड्ब्ल्यु ड्रुसन पावर हाउसमा कार्यरत सिंह यही भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीपछि सम्पर्कविहीन भएका हुन् । बाढीपछि सम्पर्कविहीन भएको १३ दिनसम्म सम्पर्कमा नआएपछि परिवारजनमा चिन्तित र छटपटी बढ्दै गएको छ। लामो समयसम्म कुनै खबर नआएपछि सिंहको अवस्था पत्ता लगाई खोज तथा उद्धार गरिदिन श्रीमती पूजासहित परिवारजनले सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

श्रीमान्सँग सम्पर्क हुन नसकेपछि पूजा साहले उनी जहाँ भए पनि सकुशल रहेको खबर गरिदिन भावुक अपिल गरेकी हुन्। "तिमी जहाँ छौं, जस्तो छौं, मलाई खबर गर, म आफैं आउँछु, तिमीलाई लिन । बस्, एकपटक तिम्रो आवाज सुन्न र तिमीलाई देख्न पाऊँ," उनले भनेकी छिन्।

श्रीमान्को प्रतीक्षामा रहेका साहले सानी छोरीसमेत बुबाको भिडियो कल र आवाजको प्रतीक्षामा रहेको बताइन्। "हाम्रो नानी अझै बाबाको भिडियो कलको प्रतीक्षामा छिन् । बाबाको आवाज सुन्न र अनुहार हेर्न पाएकी छैनन्," उनले भावुक हुँदै भनिन्।

उनले आफूलाई अन्य केही नचाहिएको भन्दै श्रीमान् सकुशल घर फर्काइदिन सरकार, सुरक्षा निकाय, स्थानीय तह तथा सम्बन्धित सबै पक्षसँग आग्रह गरिन्। "मैले अब केही मागेकी छैन, बस् मेरो श्रीमान् जहाँ हुनुहुन्छ, त्यहींबाट सकुशल घर फर्काइदिनुहोस्," उनको आग्रह छ।



सिंहको खोज तथा उद्धारका लागि परिवारले सम्बन्धित कम्पनी, जिल्ला प्रशासन, सुरक्षा निकाय, स्थानीय तह तथा विपद् व्यवस्थापन निकायको ध्यानाकर्षण गराउँदै तत्काल प्रभावकारी खोजी अभियान संचालन गर्न माग गरेको छ।

पूजाका अनुसार मैलुङ बजार, क्याम्प आसपासका सम्भावित क्षेत्र, ठाडेगाउँ, राम्चे, ग्राङ, बटार, कालिकास्थान, धुन्चे, भोर्ले, यार्सा, मैलुङडाँडा तथा मैलुङ बजार आसपासका क्षेत्रमा खोजी आवश्यक छ। साथै जङ्गल, पहाडी तथा अन्य सम्भावित स्थानमा ड्रोन र उद्धार टोली परिचालन गरी खोजी गर्न उनले आग्रह गरिन्।

"हामीलाई थाहा छैन, हाम्रा प्रियजनहरू कहाँ र कुन अवस्थामा छन्। सायद कतै उद्धारको आशामा बस्नुभएको होला, सायद कसैको सहयोगको प्रतीक्षा गरिरहनुभएको होला," पूजाले भनिन्, "त्यसैले अब प्रश्न एउटै छ- उद्धार किन भइरहेको छैन ?"

उनका अनुसार सिंहसहित सम्पर्कविहीन भएकाहरूको खोजीका लागि उद्धार टोली पठाउने आश्वासन दिइए पनि प्रभावकारी रूपमा खोजी हुन नसकेको परिवारजनको गुनासो छ। बिहान ड्रोनसहितको रेस्क्यु टोली घटनास्थलतर्फ जाने भनिए पनि दिउँसोसम्म टोली घटनास्थलमा पुग्न नसकेको उनले बताइन्।

श्रीमान्को खोजीका लागि आफू दिनभर एक कार्यालयबाट अर्को कार्यालय धाउने, फोन गर्ने र अनुरोध गर्ने अवस्थामा पुगेको पूजाले बताइन्। समय बित्दै जाँदा पीडा र चिन्ता झन बढ्दै गएको उनको भनाइ छ।

"हामी तपाईहरूको कार्यालय धाउँदै-धाउँदै, अनुरोध गर्दागर्दै थाकिसकेका छौं । अब के गर्ने ?", उनले प्रश्न गरिन्।

पूजाले सम्बन्धित कम्पनी, जिल्ला प्रशासन, सुरक्षा निकाय, स्थानीय तह, विपद् व्यवस्थापन निकाय तथा सरकारका सबै जिम्मेवार पक्षलाई तत्काल स्थलमा खोज तथा उद्धार टोली, ड्रोन र आवश्यक जनशक्ति परिचालन गर्न आग्रह गरिन्।

उनले आफ्नो श्रीमान्को मात्र नभई मैलुङ क्षेत्रमा सम्पर्कविहीन तथा अलपत्र परेका सबै नागरिकको खोज तथा उद्धारलाई प्राथमिकतामा राख्न सम्बन्धित निकायसँग माग गरिन्।

"अब आश्वासन होइन, तत्काल उद्धार चाहिएको छ । हाम्रा मानिसहरूलाई खोजिदिनुहोस्, उद्धार गरिदिनुहोस्," पूजाले भनिन्।

भोटेकोशी बाढीपछि लामो समयसम्म आफन्तको अवस्था अज्ञात रहँदा सिंहको परिवारसहित अन्य परिवारसमेत निरन्तर चिन्तामा छन् । सम्भावित सबै क्षेत्रमा समन्वयात्मक रूपमा खोज तथा उद्धार अभियान तीव्र बनाउन पीडित परिवारले सरकार तथा सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

रसुवाको भोटेकोशी नदी आएको बाढीमा हराइरहेकामध्ये मधेस प्रदेशका ३२ जना परिवारको सम्पर्कमा आएका छन्। मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार बाढीमा परेर हराइरहेका मधेस प्रदेशका २२० जनामध्ये ३८ जना सम्पर्कमा आएका छन् । सम्पर्कविहीन भएकामध्ये सप्तरीका एक जना र बाराका एक जना गरी दुई जनाको शव फेला परेको र १८० जना अझै सम्पर्कविहीन रहेको प्रवक्ता ढकालले बताए ।

# माग पूरा गर्न सरकार प्रतिबद्ध छ : गृहमन्त्री गुरुङ

**राष्ट्रिय समाचार समिति**

*काठमाडौं, भाद्र २३ गते ।*

गृहमन्त्री सुधन गुरुङले जेनजी युवाले उठाएका माग र उनीहरूका अधिकार सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन्।

गत वर्ष भदौ २३ गते जेनजी युवाको आन्दोलनका क्रममा ज्यान गुमाएका सहिदको स्मृतिमा मंगलवार बानेश्वरस्थित वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा आयोजित दीप प्रज्वलन कार्यक्रममा उनले जेनजी युवाको योगदान र बलिदानीलाई सरकारले उच्च सम्मानका साथ ग्रहण गरेको बताए।

गृहमन्त्री गुरुङले जेनजी युवाको बलिदानीका कारण देशमा आमूल परिवर्तनको आधार तयार भएको उल्लेख गर्दै उनीहरूले उठाएका माग सम्बोधन गर्न सरकार गम्भीरतापूर्वक अघि बढिरहेको स्पष्ट पारे । उनले भने, 'जेनजी युवाहरूको बलिदानीले देशमा आमूल परिवर्तन भएको छ । हामी अहिले अधिकार दिने ठाउँमा छौं। जेनजीका माग सम्बोधन गर्दै अधिकार पूरा गर्नेछौं ।'

वर्तमान सरकार जेनजी युवाको आन्दोलनकै कारण निर्माण भएको उल्लेख गर्दै गृहमन्त्री गुरुङले उनीहरूको माग र अधिकार सुनिश्चित गर्न कुनै कसर बाँकी नराखिने बताए । उनले जेनजी पुस्ताले उठाएका विषयलाई राज्यले गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्नेमा जोड दिए।

गृहमन्त्री गुरुङले केही पुराना दल तथा नेताहरूले अझै पनि जेनजी आन्दोलनलाई अपमान गरिरहेका भन्दै त्यसप्रति असन्तुष्टि व्यक्त गरे । 'जेनजी आन्दोलनलाई अपमान गर्नु आमनेपाली नागरिकको भावनालाई अपमान गर्नुजस्तै हो,' उनले भने।

गृहमन्त्री गुरुङले गत भदौ २३ गतेको आन्दोलनमा ज्यान गुमाएका सहिदप्रति श्रद्धाञ्जलि अर्पण गर्दै दीप प्रज्वलन गरेका थिए। कार्यक्रममा सहभागीहरूले समेत सहिदको सम्झनामा दीप प्रज्वलन गरी उनीहरूको योगदानप्रति सम्मान व्यक्त गरेका थिए।

# मधेशमा १५४ हेक्टर वन क्षेत्र अतिक्रमण मुक्त

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, भाद्र २३ गते ।*

मधेश प्रदेशका विभिन्न जिल्लामा वन अतिक्रमण नियन्त्रण अभियानलाई गति दिएको छ। गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशका जिल्लामा १५४ दशमलव ५५ हेक्टर क्षेत्रफल वनक्षेत्र अतिक्रमण मुक्त गरिएको मधेस प्रदेश वन निर्देशनालय जनकपुरधामले जनाएको छ।

वन निर्देशनालयका सूचना अधिकारी सजन चौधरीका अनुसार सो अवधिमा सबैभन्दा बढी पर्सामा १२० हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ। त्यस्तै बारामा २१ हेक्टर, सप्तरीमा पाँच हेक्टर, धनुषामा तीन दशमलव २५ हेक्टर, सर्लाहीमा तीन हेक्टर, महोत्तरीमा दुई हेक्टर र सिरहामा शून्य दशमलव ३५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको हो।

वन क्षेत्रको जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाएर ती क्षेत्रलाई पुनः वनको संरक्षण र व्यवस्थापनमा ल्याइएको सूचना अधिकारी चौधरीले बताए । उनका अनुसार वन अतिक्रमण नियन्त्रणसँगै चोरी-तस्करी नियन्त्रण र वन संरक्षणमा कार्यालयले सक्रियता बढाएको छ।



वन संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि प्रदेशका विभिन्न जिल्लामा गत आवमा ३२ लाख ३९ हजार ८१० बिरुवा उत्पादन गरी २६१ दशमलव ७७ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको छ। जिल्लागत रूपमा सबैभन्दा बढी सर्लाहीमा आठ लाख ६३ हजार ९७०, सप्तरीमा पाँच लाख तीन हजार ६४०, सिरहामा चार लाख १५ हजार, धनुषामा चार लाख तीन हजार, महोत्तरीमा दुई लाख २० हजार, बारामा चार लाख ३४ हजार २०० र पर्सामा चार लाख बिरुवा उत्पादन गरिएको वन निर्देशनालयले जनाएको छ।

वृक्षरोपणतर्फ सप्तरीमा ९५ हेक्टर, धनुषामा ६६ दशमलव ५ हेक्टर, बारामा ४३ दशमलव ५३ हेक्टर, महोत्तरीमा २० हेक्टर, सिरहामा २६ हेक्टर, सर्लाहीमा आठ दशमलव ५ हेक्टर र पर्सामा दुई दशमलव २४ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको सूचना अधिकारी चौधरीले जानकारी दिए।

चालु आर्थिक वर्षमा मधेस प्रदेशमा वन क्षेत्रबाट उल्लेख्य परिमाणमा काठ तथा दाउरा उत्पादन भएको छ। वन निर्देशनालयका अनुसार हालसम्म छ लाख ६५ हजार २७३ दशमलव २६ घनफिट काठ उत्पादन भएको छ।

सबैभन्दा बढी सर्लाहीमा तीन लाख ५१ हजार ७५९ दशमलव ५ घनफिट काठ उत्पादन भएको छ। त्यस्तै सप्तरीमा ६५ हजार २९ दशमलव ४९, सिरहामा ६७ हजार ८७६ दशमलव ६७, धनुषामा सात हजार ६२३ दशमलव ७२, महोत्तरीमा ७८ हजार ५१६ दशमलव ९८ र बारामा ९४ हजार ४६६ दशमलव ९ घनफिट काठ उत्पादन भएको सूचना अधिकारी चौधरीले बताए।

सोही अवधिमा एक हजार २५६ चट्टा दाउरा उत्पादन भएको छ । सप्तरीमा ३५ दशमलव ३६, सिरहामा २२ दशमलव ५७, धनुषामा सात दशमलव ३८, महोत्तरीमा १९६ दशमलव ८९, सर्लाहीमा ७५१ दशमलव ९५ र बारामा २४२ चट्टा दाउरा उत्पादन भएको जनाइएको छ।

वन पैदावारको बिक्री वितरणतर्फ भने हालसम्म पाँच लाख तीन हजार ७९९ दशमलव २७ घनफिट काठ बिक्री वितरण गरिएको छ । काठ बिक्रीबाट प्रदेश सरकारलाई उल्लेख्य राजस्वसमेत प्राप्त भएको छ।

काठ तथा दाउराको बिक्री, वन पैदावारको उपयोग र अन्य वनजन्य गतिविधिलगायतका शिर्षकबाट पाँच करोड ८५ लाख ५० हजार १९० राजस्व सङ्कलन भएको सूचना अधिकारी चौधरीले बताए।

वन निर्देशनालयका निर्देशक सुभाषचन्द्र दासले वन कर्मचारीको सक्रियताका कारण वन क्षेत्रलाई अतिक्रमणमुक्त बनाउन तथा वन चोरी-तस्करी नियन्त्रणमा सफलता मिलेको बताए। वन संरक्षणसँगै अतिक्रमण नियन्त्रण, वृक्षरोपण र वन पैदावारको व्यवस्थित उपयोगलाई प्राथमिकतामा राखिएको उनको भनाइ छ।

# एसपीलाई धम्क्याउने नेता यादव पक्राउ

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, भाद्र २३ गते ।*

जिल्ला प्रहरी कार्यालय सर्लाहीका तत्कालीन एसपी योगेन्द्रकुमार खड्कालाई धम्क्याएको आरोपमा नेकपाका नेता अशोक यादव पक्राउ परेका छन्।

मधेश प्रदेशका डीआईजी ओम अधिकारीले यादवलाई पक्राउ गरिएको पुष्टि गरेका छन्।

घटना २०८२ असारको हो । यादवले टेलिफोनमा अपशब्द प्रयोग गर्दै एसपी खड्कालाई तराइमा लुट्न आएको लुटेरा भन्दै धम्क्याएको अडियो सामाजिक सञ्जालमा भाइरल बनेको थियो। त्यसपछि प्रहरीले खोजी गर्दा उनी फरार भएका थिए । अहिले भने उनी पक्राउ परेको डीआईजी अधिकारीले बताए।

उनले प्रहरीलाई धम्क्याउँदा उनी जसपाको नेता थिए । अहिले भने उनी नेकपा प्रवेश गरिसकेका छन्।

# मिथिला लघुवित्त वित्तीय...

**७. सम्बन्धित शाखा कार्यालय : लक्ष्मीपुर, सिराहा ।**

| क्र.स. | के.न. तथा कोड न. | ऋणीको नाम | ठेगाना | पति/पिताको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी सावाँ | बाँकी ब्याज रकम |
|---|---|---|---|---|---|---|---|---|
| ०१ | ००६.०२.५ | सितली देवी यादव | बिष्णुपुर.-०५, सिरहा | बिरेन्द्र कुमार यादव | कोदै राउत यादव | किराना पसल | १६,८४५। | ३७,१७०। |
| ०२ | ००८.०५.७ | बिना देवी मुखिया | सिराहा-११, सिराहा | सुगदेव मुखिया | बिलक्षण मलाह | व्यापार | २०,०६२। | २१,३०८। |
| ०३ | ००८.०३.३ | फुलझारी मुखिया | सिराहा-११, सिराहा | धनराज मुखिया | अर्जुन मुखिया | व्यापार | ३,६२,५१२। | ८३,२८३। |
| ०४ | ००८.०१.४ | बिनिता देवी मुखिया | सिराहा.-११, सिराहा | इन्द्रजित मुखिया | सुकन मलाह | कृषि | ३,११,२०२। | ७८,०६४। |
| ०५ | ००८.०४.४ | अनिका देवी मलाह | सिराहा.-१४, सिराहा | पुजन मुखिया | देवनाथ मुखिया | व्यापार | ३,१९,८५३। | ७२,७५६। |
| ०६ | ०३७.०२.१ | गीता देवी यादव | सिराहा .-०४, सिराहा | अनुरुद यादव | बिसुन यादव | व्यापार | ६,६०८। | १५,३६३। |

**८. सम्बन्धित शाखा कार्यालय : भोक्राहा, सिराहा ।**

| क्र.स. | के.न. तथा कोड न. | ऋणीको नाम | ठेगाना | पति/पिताको नाम | बाजे/ससुराको नाम | उद्देश्य | बाँकी सावाँ | बाँकी ब्याज रकम |
|---|---|---|---|---|---|---|---|---|
| ०१. | ०१६.०१.४ | अनिता देवी पासवान | कल्याणपुर-०९, डुमरी | शत्रुधन पासवान | मनरुप पासवान | कृषि | ६५,००४। | १७,५१८। |

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री